१.२.१.२ "समिति" भन्नाले नियम २.१ बमोजिम गठित कार्यकारी समिति सम्झनुपर्छ ।

१.२.१.३ "परीक्षण समिति" भन्नाले नियम ४.१ बमोजिम गठित राष्ट्रिय सीप परीक्षण समिति सम्झनुपर्छ ।

## परिच्छेद–२

## कार्यकारी समितिको गठन र काम, कर्तव्य तथा अधिकार

### २.१ कार्यकारी समितिको गठनः

२.१.१ परिषद्‌ले ऐनको दफा ७ बमोजिम देहायका सदस्यहरू भएको एक कार्यकारी समिति गठन गर्नेछः–

२.१.१.१ कार्यकारी निर्देशक – अध्यक्ष

२.१.१.२ सह-सचिव (योजना) शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य

२.१.१.३ महानिर्देशक, घरेलु तथा ग्रामीण उद्योग विभाग – सदस्य

२.१.१.४ महानिर्देशक, श्रम विभाग – सदस्य

२.१.१.५ प्रतिनिधि, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – सदस्य

२.१.१.६ उप-कार्यकारी निर्देशक, परिषद् – सदस्य-सचिव

२.१.२ परिषद्‌को सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२.१.३ समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

### २.२ समितिको बैठक र निर्णयः

२.२.१ समितिको बैठक कम्तीमा दुई महीनामा एक पटक बस्नेछ ।

२.२.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

२.२.३ समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

२.२.५ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

२.२.६ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

२.३ समितिको काम, कर्तव्य र अधिकारः

२.३.१ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

२.३.१.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसम्बन्धी नीति निर्धारण एवं योजना तर्जुमा कार्यमा परिषद्लाई सघाउ पुऱ्याउने ।

२.३.१.२ विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूका लागि आवश्यक पर्ने आधारभूत एवं मध्यमस्तरीय प्राविधिक जनशक्तिको आपूर्ति बारे सर्भेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा प्राविधिक जनशक्तिको अनुमान तथा प्रक्षेपण गर्ने ।

२.३.१.३ प्राविधिक शिक्षालयको स्थापना गर्नको लागि सर्भेक्षण गरी एक निश्चित कार्यविधि तयार गर्ने र सो कार्यविधि अनुरूप गैरसरकारी संगठित संस्थालाई प्राविधिक शिक्षालय स्थापना गर्ने अनुमति प्रदान गर्ने र आवश्यकतानुसार आफैंले पनि विभिन्न ठाउँमा प्राविधिक शिक्षालयको स्थापना गर्ने ।

२.३.१.४ प्राविधिक प्रशिक्षकहरूको आपूर्ति एवं वृत्ति विकास सम्बन्धी आवश्यक व्यवस्था गर्ने ।

२.३.१.५ प्राविधिक शिक्षाको विकास र विस्तारका लागि परिषद्को पूर्वस्वीकृति लिई दातृ संघ, संस्थासंग सम्पर्क राख्ने ।

२.३.१.६ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको लागि चाहिने पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, भौतिक सुविधा एवं प्रशिक्षकसम्बन्धी व्यवस्थाको मूल्याङ्कन र निरीक्षण गर्ने गराउने ।

२.३.१.७ शिक्षालय तथा तालीम केन्द्रहरूबाट उत्पादित जनशक्तिको उपयोगिता, दक्षता एवं प्रभावकारिताको अध्ययन गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२५

गराउने र तदनुरूप तालीम कार्यक्रमहरूमा सुधार एवं विस्तार गरी तालीम कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउने ।

२.३.१.८ परिषद्को कार्य सञ्चालनको लागि स्वीकृत नियमको अधीनमा रही आवश्यक विनियमको मसौदा तयार गरी स्वीकृतिको निमित्त परिषद्मा पेश गर्ने ।

२.३.१.९ कोषको खाता परिषद्ले तोकेको बैंकमा कार्यकारी निर्देशक र परिषद्ले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

## परिच्छेद–३

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम

### ३.१ प्राविधिक शिक्षालयको स्थापना र सञ्चालनः

प्राविधिक शिक्षालयको स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

### ३.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पाठ्यक्रमः

विभिन्न निकायबाट सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको लागि चाहिने पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, भौतिक सुविधा एवं प्रशिक्षकसम्बन्धी व्यवस्था विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद–४

## सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण

### ४.१ राष्ट्रिय सीप परीक्षण समितिको गठनः

४.१.१ सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्न परिषद्ले ऐनको दफा ७ बमोजिम देहायका सदस्यहरू भएको एक राष्ट्रिय सीप परीक्षण समिति गठन गर्नेछः–

४.१.१.१ कार्यकारी निर्देशक – अध्यक्ष

४.१.१.२ सह-सचिव, (योजना) शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य

४.१.१.३ सह-सचिव, लोक सेवा आयोग – सदस्य

४.१.१.४ महानिर्देशक, श्रम विभाग – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१.१.५ महानिर्देशक, पर्यटन विभाग – सदस्य
४.१.१.६ उप-कार्यकारी निर्देशक, परिषद् – सदस्य
४.१.१.७ प्रतिनिधि, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – सदस्य
४.१.१.८ उद्योगपतिहरूमध्ये परिषद्बाट मनोनीत एक जना – सदस्य
४.१.१.९ गैरसरकारी क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूमध्ये अध्यक्षबाट मनोनीत एक जना – सदस्य
४.१.१.१० प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ – सदस्य
४.१.१.११ प्रतिनिधि, नेपाल मजदूर संगठन – सदस्य
४.१.१.१२ प्रमुख, सीप परीक्षण महाशाखा – सदस्य-सचिव

४.१.२ परिषद्को सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परीक्षण समितिको सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४.१.३ उप-नियम ४.१.१.८ र ४.१.१.९ बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

४.१.४ परीक्षण समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परीक्षण समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## ४.२ परीक्षण समितिको बैठक र निर्णयः

४.२.१ परीक्षण समितिको बैठक कम्तीमा दुई महीनामा एक पटक बस्नेछ ।

४.२.२ परीक्षण समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४.२.३ परीक्षण समितिको बैठकको अध्यक्षता परीक्षण समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४.२.४ परीक्षण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६१

४.२.५ परीक्षण समितिको निर्णय परीक्षण समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

४.२.६ परीक्षण समितिको बैठकसम्बन्धी अन्य कार्यविधि परीक्षण समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

४.३ परीक्षण समितिको काम, कर्तव्य र अधिकारः

४.३.१ परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

४.३.१.१ सीपको दक्षता वर्गीकरण गर्ने, प्रमाणिका बनाउन र परीक्षण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्न राष्ट्रिय स्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने ।

४.३.१.२ गार्हस्थ्य वा औद्योगिक क्षेत्रमा विभिन्न व्यवसाय, पेशा वा सेवाको लागि चाहिने सीप दक्षताको माग र खपतको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने गराउने ।

४.३.१.३ सीप दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीप स्तर अनुरूप आवश्यक कार्य विश्लेषण (जब स्पेशिफिकेशन) सहित राष्ट्रिय सीप प्रमाणिकाको मसौदा तर्जुमा गर्ने ।

४.३.१.४ वर्गीकृत स्तर अनुसारको सीप दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने ।

४.३.१.५ परिषद् समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने ।

४.४ सीप स्तर निर्धारणसम्बन्धी व्यवस्थाः

सीप दक्षताको स्तर निर्धारण गर्नको लागि सञ्चालन गरिने परीक्षा र तत्सम्बन्धी अन्य आवश्यक काम कारवाहीहरूसम्बन्धी व्यवस्था एवं सफल परीक्षार्थीहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

४.५ प्राविधिक वा विशेषज्ञ उप-समितिः

४.५.१ राष्ट्रिय सीप प्रमाणिकाबमोजिम सीप परीक्षण तथा प्रमाणीकरण एवं तत्सम्बन्धी अन्य कार्य गर्न परीक्षण समितिले आवश्यकतानुसार प्राविधिक वा विशेषज्ञ उप-समिति गठन गर्न सक्नेछ ।

४.५.२ उप-नियम ४.५.१ बमोजिमको प्राविधिक वा विशेषज्ञ उप-समितिको गठन विधि एवं काम, कर्तव्य र अधिकार विनियममा उल्लेख भए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद—५

## औद्योगिक प्रशिक्षार्थी तालीम

**५.१ औद्योगिक प्रशिक्षार्थी तालीम समितिको गठनः**

५.१.१ सरकारी तथा गैरसरकारी औद्योगिक प्रतिष्ठानका श्रमिकहरूलाई आधारभूत तालीम एवं सीप अभिवृद्धि तालीम दिन परिषद्ले ऐनको दफा ७ बमोजिम देहायका सदस्यहरू भएको एक औद्योगिक प्रशिक्षार्थी तालीम समिति गठन गर्नेछ ।

५.१.१.१ कार्यकारी निर्देशक — अध्यक्ष

५.१.१.२ प्रतिनिधि, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय — सदस्य

५.१.१.३ प्रतिनिधि, श्रम विभाग — सदस्य

५.१.१.४ प्रतिनिधि, इञ्जिनीयरिङ अध्ययन संस्थान — सदस्य

५.१.१.५ प्रतिनिधि, नेपाल मजदूर संगठन — सदस्य

५.१.१.६ परिषद्बाट मनोनीत कारखाना तथा औद्योगिक प्रतिष्ठानको प्रतिनिधि एक जना — सदस्य

५.१.१.७ परिषद्बाट मनोनीत औद्योगिक तथा श्रम सम्बन्धी विशेषज्ञ एक जना —सदस्य

५.१.१.८ निर्देशक (प्राविधिक प्रशिक्षक प्रशिक्षण) परिषद् — सदस्य-सचिव

५.१.२ परिषद्को सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी औद्योगिक प्रशिक्षार्थी तालीम समितिको सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

५.१.३ उप-नियम ५.१.१.६ र ५.१.१.७ बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

५.१.४ औद्योगिक प्रशिक्षार्थी तालीम समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

५.१.५ औद्योगिक प्रशिक्षार्थी तालीम समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

५.१.६ औद्योगिक प्रशिक्षार्थी तालीम समितिको काम, कर्तव्य तथा अधिकार विनियममा उल्लेख भएबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२ तालीम फी बुझाउनु पर्नेः

कुनै सरकारी तथा गैरसरकारी प्रतिष्ठानले आफ्ना श्रमिकहरूलाई औद्योगिक प्रशिक्षार्थी तालीम समितिद्वारा सञ्चालित आधारभत एवं सीप अभिवृद्धि तालीममा भाग लिन पठाउन चाहेमा उक्त तालीम समितिद्वारा तोकिएको तालीम फी बुझाउनु पर्नेछ ।

५.३ तालीमसम्बन्धी विभिन्न प्रक्रियाः

तालीम सञ्चालन हुनुभन्दा अघि तालीममा भाग लिने प्रशिक्षार्थीले पूरा गर्नु पर्ने प्रक्रिया, तालीम अवधिभर सम्बन्धित औद्योगिक प्रतिष्ठानले प्रशिक्षार्थीलाई दिनुपर्ने तालीम भत्ता, प्रशिक्षार्थीलाई तालीम दिने व्यवस्थापकको दायित्व, प्रशिक्षार्थीलाई दिने प्रमाणपत्रको ढाँचा र तत्सम्बन्धी अन्य कुराहरू विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

परिच्छेद–६

विविध

६.१ जवाफदेही नहुनेः

राष्ट्रिय सीप प्रमाणिका अनुसार सीप परीक्षण गरिंदा कुनै प्रशिक्षार्थीलाई चोटपटक लागेमा वा दुर्घटनामा परी कुनै प्रशिक्षार्थीको मृत्यु भएमा त्यसको लागि परीक्षण समिति जवाफदेही हुनेछैन ।

६.२ अधिकार प्रत्यायोजनः

समिति वा परीक्षण समितिले यस नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार कुनै सदस्य वा कुनै उप-समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,
रमेशजङ्ग थापा
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८